# कागेश्वरी मनोहरा नगरपालिका

## खानेपानी तथा सरसफाई कार्यविधी, २०८१

**प्रस्तावना**

कागेश्वरी मनोहरा नगरपालिका क्षेत्रमा रहेका खानेपानीका स्रोतहरुलाई उचित संरक्षण र सम्बर्धन गरी नगरपालिका भित्र कृयाशिल रहेका सेवा प्रदायक, उपभोक्ता समिति तथा संस्थाहरुको अनुगमन मुल्याङ्कन सुपरिवेक्षण नियमन एवम् समन्वय गर्दै सेवा सञ्चालनलाई चुस्त दुरुस्त बनाई गुणस्तरीयता, नियमितता, एकरुपता, पारदर्शिता एवम् जवाफदेहिता सहितको सर्वसुलभ एकीकृत खानेपानी सेवा प्रदानका सम्बन्धमा व्यवस्था गर्न वाञ्छनिय भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ र कागेश्वरी मनोहरा नगरपालिका खानेपानी तथा सरसफाई ऐन, २०७९ को दफा ३७ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधी बनाईएको छ ।

### परिच्छेद- १

### प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः**

१. यस कार्यविधीको नाम “कागेश्वरी मनोहरा नगरपालिका खानेपानी तथा सरसफाई कार्यविधी, २०८१”

रहेको छ ।

२. यो कार्यविधी नगरकार्यपालिकावाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधीमाः

**क.“नगरपालिका”** भन्नाले कागेश्वरी मनोहरा नगरपालिका सम्झनु पर्दछ ।

**ख.कार्यपालिका** भन्नाले कागेश्वरी मनोहरा नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

**ग.कार्यालय** भन्नाले कागेश्वरी मनोहरा नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

**घ.नगर प्रमुख** भन्नाले कागेश्वरी मनोहरा नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

**ङ.नगर उप-प्रमुख** भन्नाले कागेश्वरी मनोहरा नगरपालिकाको नगर उपप्रमुखलाई सम्झनु पर्दछ ।

**च.प्रमुख प्रशासकिय अधिकृत** भन्नालेकागेश्वरी मनोहरा नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्दछ ।

**छ. बोर्ड** भन्नाले कागेश्वरी मनोहरा नगरपालिका खानेपानी तथा सरसफाई ऐन, २०७९ को दफा ३ बमोजिम गठन भएको खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्ड सम्झनु पर्दछ ।

**ज.संस्था** भन्नाले नगरपालिका भित्रका खानेपानी तथा सरसफाई योजनाहरु सञ्चालन गरी उपभोक्ताहरुलाई सहज र सुलभ रुपमा खानेपानीको सुविधा उपलब्ध गराउने तथा सरसफाई सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने गरी गठन भएको खानेपानी तथा सरसफाई उपभोक्ता समिति/संस्थालाई सम्झनु पर्दछ ।

**झ. समिति** भन्नाले खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको कार्य सञ्चालन तथा व्यवस्थापन गर्नका लागि चयन गरिएका सञ्चालक समितिलाई सम्झनु पर्दछ ।

**ञ.उपभोक्ता** भन्नाले खानेपानी तथा सरसफाईसँग सम्बन्धित सेवा उपयोग गर्ने व्यक्ति/संघ/संस्थालाई सम्झनु पर्दछ ।

**ट. दर्ता गर्ने अधिकारी** भन्नाले नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनु पर्दछ ।

**ठ. खानेपानी** भन्नाले तोकिएको मापदण्ड बमोजिमको स्वच्छ पिउने पानी सम्झनु पर्दछ ।

**ड. धारा** भन्नाले खानेपानीको उपभोग गर्नको लागि कुनै व्यक्ति, संघसंस्था वा निकायका नाममा जडान गरिदिएको खानेपानीको धारालाई सम्झनु पर्दछ ।

**ण. महसुल** भन्नाले धाराको सुविधा उपभोग गरे वापत उपभोक्ताले उक्त खानेपानी संस्थालाई बुझाउनुपर्ने खानेपानी सेवा महसुल सम्झनु पर्दछ ।

**त. मिटर** भन्नाले खानेपानीको खपतको परिमाण नाप्ने उद्देश्यले उपभोक्ताको पाइपलाईनमा जडान गरिने पानी मिटरलाई सम्झनु पर्दछ ।

**थ. कोष** भन्नाले ऐनको दफा ८ बमोजिम खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्डको कोष सम्झनु पर्दछ ।

**द.ऐन** भन्नाले "कागेश्वरी मनोहरा नगरपालिका खानेपानी तथा सरसफाई ऐन, २०७९" सम्झनु पर्दछ ।

## परिच्छेद- २

## खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्ड

**३.बोर्डको गठनः १.** नगरपालिका क्षेत्र भित्र सञ्चालित खानेपानी आयोजनाहरु, उपभोक्ता समित एवम् संस्थालाई नियमन तथा व्यवस्थापन गर्नका लागि देहायका पदाधिकारीहरु रहने गरी एक नगर स्तरीय खानेपानी तथसरसफाई व्यवस्थापन बोर्ड गठन गरिनेछ।

क. नगर प्रमुख —अध्यक्ष

ख. नगर उपप्रमुख — सदस्य

ग. प्रमुख प्रशासकीय अधिकृत — सदस्य

घ. वडा अध्यक्षहरु — सदस्य

ङ. खानेपानी तथा सरसफाई क्षेत्रमा कार्य गरेको व्यक्तिहरु मध्येबाट नगर प्रमुखले मनोनित गरेको २ जना

च. खानेपानी तथा सरसफाई उपभोक्ता समिति तथा संस्थाका पदाधिकारी मध्येबाट नगर प्रमुखले मनोनित गरेको ४ जना — सदस्य

छ. खानेपानी तथा सरसफाई शाखाका प्रमुख वा बोर्डले तोकेको कर्मचारी — सदस्य सचिव

**४. बोर्डको काम कार्तव्य र अधिकारः** १. दफा ३ को उपदफा १ बमोजिम गठन भएको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

**क.**नगरपालिकामा खानेपानी तथा सरसफाई क्षेत्रको व्यवस्थापन सूचना प्रणाली स्थापना गरि खानेपानी तथा सरसफाई आयोजनाहरुको सञ्चालन तथा मर्मत संभार व्यवस्थापन सम्बन्धी सूचना तथा तथ्याङ्क व्यवस्थापन गरि अद्यावधिक गर्ने/गराउने ।

**ख.** खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाहरुको नियमन गर्ने ।

**ग.** अनुगमन तथा मूल्याङ्कन पद्धति स्थापना गरी खानेपानी तथा सरसफाई योजनाहरुको सञ्चालन अवस्था तथा व्यवस्थापनको आवधिक रुपमा अनुगमन तथा मूल्यङ्कन गर्ने ।

**घ.** योजनाको सञ्चालन अवस्था तथा व्यवस्थापनको मूल्याङ्कनको आधारमा खानेपानी तथा सरसफाई उपभोक्ता संस्थालाई पुरस्कार तथा दण्डको पद्धति स्थापना गरी कार्यान्वयनमा ल्याउने ।

## परिच्छेद-३

## खानेपानी तथा सरसफाई उपभोक्ता समिति वा संस्थाको गठन तथा दर्ता

**५. उपभोक्ता समिति/संस्थाको गठनः** १. नगर क्षेत्रभित्र खानेपानी तथा सरसफाई सम्बन्धी कार्य गर्नका लागि कुनै निश्चित क्षेत्रभित्रका उपभोक्ताहरु मिलेर खानेपानी तथा सरसफाई उपभोक्ता समिति/संस्था गठन गर्न सक्नेछन् ।

**६. दर्ता नगरी संस्था सञ्चालन गर्न नहुनेः** १. कसैले पनि यस कार्यविधि बमोजिम खानेपानी तथा सरसफाई उपभोक्ता संस्था/समिति दर्ता नगरी सञ्चालन गर्नु हुँदैन ।

**७. दर्ताको लागि दरखास्त दिनुपर्नेः** १. यस नगरपालिकाको क्षेत्रभित्र गठन गरिएका खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाले दर्ताका लागि दर्ता गर्ने अधिकारी समक्ष अनुसूची-१ को ढाँचामा दरखास्त दिनुपर्नेछ ।

२. उपदफा १ बमोजिम दर्ताको लागि दरखास्त दिँदा देहाय बमोजिमका कागजातहरु संलग्न गर्नु पर्नेछः

क. अनुसूची -१ बमोजिमको निवेदन

ख. खानेपानी तथा सरसफाई संस्थाको विनियम,

ग. खानेपानीको प्राकृतिक श्रोत तथा संस्था सञ्चालनको सम्भाव्यता अध्ययन प्रतिवेदन,

घ. संस्थाले लक्षित वर्गसम्म दीर्घकालिन रुपमा सेवा दिन सक्ने भावी कार्ययोजना सहितको प्रतिवेदन,

**८. दर्ता गर्नु पर्नेः** १. दफा ७ को उपदफा १ बमोजिम प्राप्त दरखास्त सहितको कागजातहरु छनबिन गर्दा देहाय बमोजिमको पाईएमा दर्ता गर्ने अधिकारीले खानेपानी तथा सरसफाई उपभोक्ता समिति/संस्था दर्ता गरी अनुसूचि-२ बमोजिमको ढाँचामा दर्ता प्रमाण-पत्र दिनुपर्नेछ ।

२. उपदफा १ बमोजिम छानबिन गर्दा प्रस्तावित खानेपानी तथा सरसफाई उपभोक्ता समिति/संस्थाको विनियममा उल्लेखित कुनै कुरा संशोधन गर्नुपर्ने देखिएमा दर्ता गर्ने अधिकारीले त्यस्तो संशोधन गर्ने व्यहोरा खुलाई दरखास्त प्राप्त भएको मितिले ३० दिन भित्र निवेदकलाई सूचना दिनुपर्नेछ ।

३. अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पति यो कार्यविधि प्रारम्भ हुँदाका बखत प्रचलित कानून बमोजिम दर्ता भई यस नगरपालिका भित्र सञ्चालनमा रहेका उपभोक्त समिति/संस्थाहरु यसै कार्यविधि बमोजिम दर्ता भएको मानिनेछ ।

४. दफा ८ को उपदफा १ बमोजिम उपभोक्ता समिति/संस्था दर्ता हुनको लागि दर्ता दस्तुर रु. २,०००।— तिर्नुपर्नेछ र उपभोक्ता समिति/संस्थाले प्रत्येक आ.व. समाप्त भएको ३ महिनाभित्र नविकरण दस्तुर वापत रु. १,०००।— तिरी नविकरण गर्नुपर्नेछ ।

## परिच्छेद- ४

## खानेपानी तथा सरसफाई उपभोक्ता समिति/संस्थाको उद्देश्य र कार्य

**९.समिति/संस्थाको उद्देश्यः**

१. कार्यक्षेत्रमा आधारित र उपभोक्ता केन्द्रित भई आफ्नो क्षेत्रका उपभोक्ताहरुलाई संगठित गर्ने, स्वच्छ तथा गुणस्तरीय खानेपानीको व्यवस्था गर्ने र खानेपानी तथा सरसफाई योजनाको मर्म संभार तथा रेखदेख गर्ने समिति/संस्थाको मुख्य उद्देश्य हुनेछ ।

**१०. समिति/संस्थाको कार्यः** १. समिति/संस्थाका कार्यहरु देहाय बमोजिम हुनेछनः

क. खानेपानी तथा सरसफाई योजनाका उपभोक्ताहरुलाई संगठित गर्ने,

ख. संस्थाले उपलब्ध गराउने खानेपानी तथा सरसफाई सेवामा गुणस्तर काम गर्ने,

ग. खानेपानी तथा सरसफाई योजनाको मर्मत संभार तथा रेखदेख गर्ने,

घ. आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने,

ङ. नगरपालिका, नगरस्तरीय खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्ड तथा दर्ता गर्ने अधिकारीको निर्देशन पालना गर्ने गराउने।

## परिच्छेद- ५

## संस्थाको विधान

**११. विधान बनाउनुपर्नेः**

१. संस्थाले यस कार्यविधिको अधिनमा रही आफ्नो कार्य सञ्चालनका लागि विधान बनाउनु पर्नेछ ।

२. उपदफा १ बमोजिमको विधान दर्ता गर्ने अधिकारीबाट स्वीकृत भएपछि लागु हुनेछ ।

**१२. विधान संशोधनः**

१. संस्थाको साधारण सभाको कुल सदस्य संख्याको बहुमतबाट सो संस्थाको विधान संशोधन हुन सक्नेछ ।

२. उपदफा १ बमोजिमको विधान दर्ता गर्ने अधिकारीबाट स्वीकृत भएपछि लागु हुनेछ ।

## परिच्छेद- ६

## सदस्यता

**१३. सदस्यता प्राप्त गर्न निवेदन दिनुपर्नेः**

१. संस्थाको सदस्य भई खानेपानी तथा सरसफाई सेवा प्राप्त गर्न चाहाने व्यक्तिले संस्थाको सञ्चालक समिति समक्ष निवेदन दिनु पर्नेछ ।

२. उपदफा १ बमोजिम निवेदन परेको ३५ दिनभित्र सञ्चालक समितिले सदस्यता प्रदान गर्ने वा नगर्ने निर्णय गर्नु पर्नेछ ।

३. उपदफा २ बमोजिम सञ्चालक समितिले सदस्यता प्रदान नगर्ने निर्णय गरेमा सोको कारण खोली सात दिन भित्र निवेदकलाई जानकारी गराउनु पर्नेछ ।

४. उपदफा ३ बमोजिम जानकारी पाएको मितिले ३० दिन भित्र सम्बन्धित व्यक्तिले दर्ता गर्ने अधिकारी समक्ष उजुर गर्न सक्नेछ ।

५. उपदफा ४ बमोजिम प्राप्त उजुरी छानबिन गर्दा निवेदकलाई सदस्यता दिनुपर्ने देखिएमा दर्ता गर्ने अधिकारीले त्यो निवेदकलाई सदस्यता प्रदान गर्नको लागि सम्बन्धित समिति/संस्थालाई आदेश दिन सक्नेछ ।

६. उपदफा ५ बमोजिम आदेश भएमा सो आदेश प्राप्त गरेको सात दिनभित्र सम्बन्धित संस्थाले निवेदकलाई सदस्यता प्रदान गरी सोको जानकारी दर्ता गर्ने अधिकारी समक्ष गराउनु पर्नेछ ।

**१४. सदस्य हुन नपाउनेः** १. कुनै व्यक्ति एक भन्दा बढी खानेपानी तथा सरसफाई उपभोक्ता समिति/संस्थाको सदस्य हुन पाउने छैन । तर यो कार्यविधि प्रारम्भ हुनु अघि कुनै व्यक्ति एकभन्दा बढी समिति/संस्थाको सदस्य रहेको भए यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र कुनै एक समिति/संस्थाको मात्र सदस्या राख्नु पर्नेछ ।

२. एउटै परिवारका एक भन्दा बढी व्यक्तिहरु समिति/संस्थाको सदस्य हुन पाउने छैनन् ।

**१५. सदस्यताको समाप्तिः**

१. कुनै सदस्यको सदस्यता देहायको अवस्थामा समाप्त हुनेछः

क. सदस्यले आफ्नो सदस्यता त्याग गरेमा

ख. लगातार वार्षिक साधारण सभामा बिना सूचना तिन पटकसम्म अनुपस्थित भएमा

ग. दफा १५ बमोजिम सदस्यता देखिएमा

घ. संस्थाको कार्यक्षेत्रभन्दा बाहिर वसाईसरी गएमा

ङ. सदस्यको मृत्यु भएमा

२. यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि साधारणसभा बोलाउने निर्णय भईसकेपछि साभारण सभा सम्पन्न नभएसम्म कसैलाई पनि सदस्यबाट हटाउन सकिने छैन ।

## परिच्छेद- ६

## खानेपानी तथा सरसफाई उपभोक्ता समिति वा संस्थाको विनियम तथा आन्तरिक कार्यविधि

**१६. विनियम बनाउनु पर्नेः** १. उपभोक्ता समिति/संस्थाले ऐन र यस कार्यविधिको अधिनमा रहि आफ्नो कार्य सञ्चालनका लागि विनियम बनाउनुपर्नेछ ।

२. उपदफा १. बमोजिकको विनियम दर्ता गर्ने अधिकारी वा निकायबाट स्वीकृत भएपछि लागु हुनेछ।

**१७. आन्तरिक कार्यविधि बनाउन सक्नेः** १. उपभोक्ता समिति/संस्थाले यस कार्यविधि र यस अन्तरगत बनेको नियम निर्देशिका मापदण्ड र विनियमको अधिनमा रही आवश्यकता अनुसार आफ्नो आन्तरिक कार्यविधि बनाउनुपर्नेछ ।

२. उपदफा १. बमोजिमको आन्तरिक कार्यविधि सम्बन्धित समिति/संस्थाको साधारण सभाले स्वीकृत गरी समिति/संस्था दर्ता गर्ने अधिकारी वा निकायबाट अद्यावधिक भए पश्चात लागु हुनेछ ।

**१८. विनियम र आन्तरिक कार्यविधिमा संशोधनः** १. साधारणसभा कुल सदस्य संख्याको बहुमतबाट विनियम र आन्तरिक कार्यविधि संशोधन हुनसक्नेछ ।

२. उपदफा १. बमोजिम संशोधन भएको विनियम वा आन्तरिक कार्यविधि दर्ता गर्ने अधिकारी वा निकायबाट स्वीकृत भएपछि मात्र लागू हुनेछ ।

## परिच्छेद-७

## खानेपानी तथा सरसफाई उपभोक्ता समिति वा संस्थाको साधारणसभा र सञ्चालक समिति

**१९. साधारणसभाः** १. खानेपानी तथा सरसफाई उपभोक्ता समिति/संस्थाको सर्वोच्च अङ्गको रुपमा साधारणसभा हुनेछ ।

२. संस्थाको सबै उपभोक्ताहरु संस्थाका साधारण सदस्य हुनेछन् ।

३. खानेपानी तथा सरसफाई उपभोक्ता समिति/संस्थाको साधारणसभा देहाय बमोजिम हुनेछः

क. प्रारम्भिक साधारणसभा

ख. वार्षिक साधारणसधा

ग. विशेष साधारणसभा

**२०. प्रारम्भिक साधारणसभाको काम, कर्तव्य र अधिकारः** १. प्रारम्भिक साधारणसभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् ।

क. प्रारम्भिक साधारणसभा हुने अघिल्लो दिनसम्मको कारबाही र आर्थिक कारोबारको जानकारी लिने ।

ख. चालु आर्थिक वर्षको लागि वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने ।

ग. प्रतिवेदन तथा वित्तीय विवरणहरु अनुमोदन गर्ने ।

घ. विनियममा उल्लेख भए बमोजिमको कार्य समितिको निर्वाचन गर्ने ।

ङ. लेखापरीक्षक नियुक्ति र निजको पारिश्रमीक निर्धारण गर्ने ।

च. आन्तरिक कार्यविधि पारित गर्ने ।

छ. विनियममा तोके बमोजिमको अन्य कार्यहरु गर्ने ।

**२१. वार्षिक साधारणसभाको काम, कर्तव्य र अधिकारः** १. वार्षिक साधारणसभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क. वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने ।

ख. वार्षिक लेखापरीक्षण प्रतिवेदन अनुमोदन गर्ने ।

ग. कार्यसमितिको निर्वाचन तथा विघटन गर्ने ।

घ. सञ्चालक वा लेखापरीवेक्षण समितिको संयोजक वा सदस्यलाई हटाउने ।

ङ. समितिको वार्षिक प्रतिवेदन पारित गर्ने ।

च. विनियम संशोधन वा आन्तरिक कार्यविधि पारित गर्ने ।

छ. पारिश्रमिक लगायतका सुविधाहरु तोक्ने ।

ज. ऋण तथा अनुदान प्राप्त गर्ने सम्बन्धमा निर्णय गर्ने ।

झ. समितिलाई आवश्यक निर्देशन दिने ।

ञ. संस्था एकीकरण वा बिघटन सम्बन्धि निर्णय सिफारिस गर्ने ।

ट. विनियममा तोकिए बमोजिमको अन्य काम गर्ने ।

**२२. साधारणसभाको बैठकः** १. खानेपानी तथा सरसफाई उपभोक्ता समिति/ संस्था दर्ता भएको मितिले ३ महिना भित्र प्रारम्भिक साधारणसभा बोलाउनु पर्नेछ ।

२. समिति/संस्थाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ६ महिना भित्र वार्षिक साधारणसभा बोलाउनु पर्नेछ ।

३. समिति/संस्थाले देहायको अवस्थामा विशेष साधारणसभा बोलाउनु पर्नेछ ।

क. समिति/संस्थाको काम विशेषले साधारणसभा बोलाउनु पर्ने भएमा ।

ख. संस्थाका कुनै पादधिकारीले विशेष साधारणसभा बोलाउन पेश गरेको प्रस्तावलाई समितिबाट पारित भएमा।

ग. विशेष साधारणसभा बोलाउनु पर्ने कारण खुलाई २५ प्रतिशत साधारण सदस्यहरुले समिति समक्ष निवेदन दिएमा ।

घ. दर्ता गर्ने अधिकारी वा निकायले निर्देशन दिएमा ।

४. उपदफा ३. मा जुनसुकै कुरा लेखिएको भएता पनि संस्थाको सञ्चालक वा व्यवस्थापकबाट आफ्नो जिम्मेवारी पुरा नगरी संस्था सञ्चालनमा समस्या उत्पन्न भएमा दर्ता गर्ने अधिकारी वा निकायलाई जानकारी दिई साधारण सदस्यहरु मध्येबाट बहुमत सदस्य उपस्थित भई विशेष साधारणसभा गर्न सकिनेछ।

**२३. विशेष साधारण सभा बोलाउन निर्देशन दिन सक्नेः** १. समिति/संस्थाको निरीक्षण वा सुपरीवेक्षण गर्दा वा कसैको उजूरी परि छानबिन गर्दा देहायको अवस्था देखिन आएमा दर्ता गर्ने अधिकारीले त्यस्तो समिति/संस्थाको सञ्चालक समितिलाई साधारणसभा बोलाउन निर्देशन दिन सक्नेछ ।

क. समिति/संस्थाको विधान विपरीत कार्य गरेमा,

ख. यस कार्यविधि अन्तर्गत बनोको मापदण्ड तथा निर्देशीका विपरीत कार्य गरेमा,

ग. दर्ता गर्ने अधिकारीले दिएको निर्देशनको बारम्बार उलङ्घन गरेमा,

घ. दर्ता गर्ने अधिकारीलेनिर्देशन आदेश दिएमा।

२. उपदफा १ बमोजिम साधारणसभा बोलाउन निर्देशन प्राप्त भएमा सञ्चालक समितिले सो निर्देशन प्राप्त भएको मितिले ३५ दिन भित्र साधारणसभाको वैठक बोलाउनु पर्नेछ र साधारणसभाको वैठकमा उजूरी वा निरीक्षणका क्रममा देखिएका विषयमा छलफल गरी सोको प्रतिवेदन दर्ता गर्ने अधिकारी समक्ष पेश गर्नुपर्नेछ।

३. उपदफा १ वा २ मा उल्लेखित अवधिभित्र समिति/संस्थाले साधारणसभा नबोलाएमा दर्ता गर्ने अधिकारीले त्यस्तो साधारणसभा बोलाउन सक्नेछ ।

४. समिति/संस्थाको साधारणसभाको लागि गणपुरक संख्या तत्काल कायम रहेको सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी उपस्थित हुनुपर्नेछ।

तर पहिलो पटक डाकिएको साधारणसभामा गणपुरक संख्या नपुगेमा त्यसको सात दिन भित्र दोस्रो पटक साधारणसभा बोलाउनुपर्नेछ र यसरी दोस्रो पटक बोलाईएको साधारणसभामा सञ्चालक समितिको बहुमत सहित एक तिहाई साधारण सदस्यहरुको उपस्थिति भएमा साधारणसभाको गणपुरक संख्या पुगेको मानिनेछ ।

५. उपदफा ४ मा जुनसुकै कुरा लेखिएको भएता पनि दफा २२ को उपदफा ४ मा भएको व्यवस्था सोही अनुसार हुनेछ ।

६. दुई हजार वा सोभन्दा बढी सदस्य भएको समिति/संस्थाले साधारणसभा गर्दा समान कार्यसूचीमा तोकिए बमोजिम सदस्य संख्याको आधारमा पायकको स्थानमा सञ्चालक समितिका सदस्यहरुलाई पठाई साधारणसभा गर्न वा त्यस्तो सभाको निर्णय प्रमाणित गर्न प्रतिनिधीहरु छनौट गरी त्यस्ता प्रतिनिधिहरुको उपस्थितिको सभाले अन्तिम निर्णय प्रमाणित गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

**२४. सञ्चालक समितिः** १. समिति/संस्थामा साभारणसभाबाट निर्वाचित ७ देखि १३ सदस्यीय सञ्चालक समिति रहनेछ ।

तर,एउटै व्यक्ति लगातार एउटै पदमा दुई पटकभन्दा बढी उम्मेदवार हुन पाउने छैन ।

२. उपदफा १ बमोजिमको समितिमा समावेशी सिद्धान्तको अवलम्बन गर्नुपर्ने छ । समितिमा कम्तिमा तेत्तीस प्रतिशत महिला सदस्य हुनुपर्नेछ । समितिको अध्यक्ष र सचिव मध्ये कम्तीमा एकजना महिला पदाधिकारी हुनुपर्नेछ ।

३. समितिको कार्यावधि चार वर्षको हुनेछ ।

**२५. समिति/संस्थाको सञ्चालक समितिको निर्वाचनः**१. खानेपानी तथा सरसफाई उपभोक्ता समिति/संस्थाको कार्यसमितिको कार्यावधी समाप्त हुनु अगावै कार्य समितिको निर्वाचन गराउनु पर्नेछ ।

२. उपदफा १ बमोजिम कार्य समितिको निर्वाचन समिति/संस्थाले विशेष परिस्थिति पर्न गई सम्पन्न हुन नसकेमा कारण सहित अधिकारी वा निकायलाई सोको जानकारी गराई बढीमा छ महिनाको समय माग गर्न सक्नेछ ।

३. उपदफा २ बमोजिमको समयावधि भित्रपनी निर्वाचन गराउन नसकेमा दर्ता गर्ने अधिकारी वा निकायले ऐनमा व्यवस्था भए बमोजिम निर्वाचन प्रकृया अगाडी बढाई निर्वाचन गराउन सक्नेछ ।

**२६. समितिको काम,कर्तव्य र अधिकारः** १. यस कार्यविधिमा अन्यत्र उल्लिखित काम,कर्तव्य र अधिकारका अतिरिक्त समितिको काम,कर्तव्य र अधिकारदेहाय बमोजिम हुनेछः

क. समिति/संस्थाको विधायन बमोजिम समिति/संस्थाको सञ्चालन गर्ने,

ख. आर्थिक तथा प्रशासकीय कार्य गर्ने गराउने,

ग. प्रारम्भिक साधारणसभा, वार्षिक साधारणसभा तथा विशेष साधारणसभा बोलाउने,

घ. साधारणसभाका निर्णयहरु कार्यान्वयन गर्ने/गराउने,

ङ. समिति/संस्थाको नीति, योजना, बजेट तथा वार्षिक कार्यक्रमको तर्जुमा गरी साधारणसभा समक्ष पेश गर्ने,

च. समिति/संस्थाको सदस्यता प्रदान गर्ने तथा सदस्यताबाट हटाउने,

छ. सम्बन्धित संघको सदस्यता लिने,

ज. समिति/संस्थाको विधानमा उल्लेखित अन्य कार्यहरु गर्ने ।

**२७. सञ्चालक समितिका पदाधिकारी पदमा बहाल नरहनेः** देहायको कुनै अवस्थामा सञ्चालक समितिका पदाधिकारी आफ्नो पदमा बहाल रहन सक्ने छैनन्

क. निजले दिएको राजीनामा सञ्चालक समितिबाट स्वीकृत भएमा,

ख. निजलाई दफा २८ उपदफा १ बमोजिम पदाधिकारीबाट हटाउने निर्णय भएमा,

ग. निजको मृत्यु भएमा ।

**२८. पदाधिकारीलाई पदबाट हटाउन सक्नेः**१. साधारणसभाले वहुमतको निर्णयबाट देहायको कुनै अवस्थामा सञ्चालक समितिका पदाधिकारी आफ्नो पदमा बहाल रहन सक्ने छैनन्

क. आर्थिक हिनामिना गरी सम्बन्धित समिति/संस्थालाई हानी नोक्सानी पुर्याएमा,

ख. अनाधिकृत तवरले सम्बन्धित समिति/संस्थाको कारोबार सम्बन्धी विषयको गोपनियता भङ्ग गरेमा,

ग. सम्बन्धित समिति/संस्थाको अहित हुने कैन कार्य गरेमा,

घ. निज शारीरिक वा मानसिक रुपमा काम गर्न नसक्ने भएमा,

ङ. कुनै पदाधिकारीमा यो कार्यविधि, यस कार्यविधि अन्तर्गत बनेको मापदण्ड निर्देशिकामा उल्लिखित योग्यता नरहेमा ।

२. कुनै पदाधिकारीलाई सञ्चालक समितिको पदबाट हटाउने निर्णय गर्नु अघि त्यस्तो पदाधिकारीलाई साधारणसभा समक्ष सफाई पेश गर्ने मनासिब माफिकको मौका दिइनेछ ।

३. उपदफा २ बमोजिमको अवधिभित्र कुनै पदाधिकारीलाई पदबाट हटाउन सक्नेछ ।

४. उपदफा ३ बमोजिम पदाधिकारीको पदबाट हटाइएको सदस्य समितिको दुई कार्यकालसम्मको निर्वाचनमा उम्मेदवार बन्न पाउने छैन ।

५. उपदफा ३ बमोजिम कुनै पादधिकारी हटेमा त्यस्तो पदमा साधारणसभाले बाँकी अवधिको लागि अर्को पदाधिकारीको निर्वाचन गर्नेछ ।

**२९. एकीकरण गर्न सकिनेः**१. ऐन र यस कार्यविधिको अधिनमा रही दुई वा दुईभन्दा बढी खानेपानी तथा सरसफाई समिति/संस्थाहरु एक आपसमा गाभेर एकीकरण गर्न सकिनेछ ।

२. उपदफा १ बमोजिम समिति/संस्था गाभीई एकीकरण गर्दा समति/संस्थाको साधारणसभाको बहुमतले निर्णय गर्नुपर्दछ ।

३. उपदफा २ बमोजिम निर्णय गर्दा एकीकरण गर्ने सम्बन्धमा शर्त तथा कार्यविधि समेत खुलाउनुपर्नेछ ।

४. बोर्डले आवश्यक ठानेमा सञ्चालनमा रहेका वा सञ्चालन हुन नसकेका खानेपानी तथा सरसफाई उपभोक्ता समिति/संस्थालाई एक आपसमा गाभ्न सक्नेछ ।

**३०. सञ्चालक समितिको विघटनः** १. साधारणसभाले देहायको अवस्थामा समितिको विघटन गर्न सक्नेछः

क. समितिको बदनियतपूर्ण कार्यबाट समिति/संस्थाको कारोबार जोखिममा परेमा,

ख. समिति/संस्थाले तिर्नुपर्ने दायित्व तोकिएको समयभित्र भुक्तान गर्न नसकेमा,

ग. विधानमा उल्लिखित उद्देश्य र कार्य विपरितको काम गरेमा,

घ. सञ्चालक समितिले आफ्नो जिम्मेवारी पूरा नगरेमा,

ङ. यो कार्यविधि वा यस कार्यविधि अन्तर्गत बनेको मापदण्डमा उल्लिखित शर्त वा दर्ता गर्ने अधिकारीले दिएको निर्देशनको बारम्बार उल्लङ्घन गरेमा ।

२. उपदफा १ बमोजिम समिति विघटन भएमा साधारणसभाले नयाँ सञ्चालक समितिको निर्वाचन गर्नेछ ।

३. समितिले यो कार्यविधि वा यस कार्यविधि अन्तर्गत बनेको मापदण्ड बमोजिम दर्ता गर्ने अधिकारीले दिएको निर्देन पालना नगरेमा वा दफा २३ को उपदफा २ बमोजिम पेश भएको प्रतिवेदन समेतको आधारमा दर्ता गर्ने अधिकारीले समितिलाई उजूरी वा निरीक्षणको क्रममा देखिएका विषयवस्तुको गाम्भिर्यताको आधारमा बढीमा छ महिनाको समय दिई सुधार गर्ने मौका दिन सक्नेछ र त्यस्तो समयावधि भित्र पनि सुधार नगरेमा त्यस्तो समिति विघटन गर्नेछ ।

४. उपदफा ३ बमोजिम सञ्चालक समिति विघटन भएमा त्यसरी विघटन गरिएको मितिले ती महिना भित्रमा अर्को सञ्चालक समितिको निर्वाचन सम्पन्न गराउन र त्यस्तो निर्वाचन नभएसम्म समिति/संस्थाको दैनिक कार्य सञ्चालन गर्न दर्ता गर्ने अधिकारीले तोकिए बमोजिमको एक तदर्थ समिति गठन गर्नु पर्नेछ ।

५. यस दफा बमोजिम अर्को सञ्चालक समितिको निर्वाचन गराउँदा लागेको सम्पूर्ण खर्च सम्बन्धित समिति/संस्थाले व्यहोर्नेछ ।

**३१. बोर्डले सेवाप्रणाली जिम्मा लिन सक्नेः** १. ऐन र यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि कुनै व्यक्ति, संस्था, उपभोक्ता समितिले निर्माण गरी सञ्चालन तथा व्यवस्थापन गरिरहेको सेवाप्रणाली सम्बन्धि व्यक्ति, समिति/संस्थाउपभोक्ता समिति वा अन्य निकायले सञ्चालन तथा व्यवस्थापन गर्न असमर्थता व्यक्त गरी बोर्डलाई जानकारी गराएमा त्यस्तो सेवाप्रणाली प्राप्त गरी सञ्चालन र व्यवस्थापन गर्न सकनेछ ।

२. उपदफा १ बमोजिम व्यक्त संस्था वा उपभोक्ता समितिसँग सेवाप्रणाली प्राप्त गर्ने कार्यविधि र मूल्याङ्कन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**३२. बोर्डले सेवा प्रदायकको सेवाप्रणाली व्यवस्थापनको जिम्मा लिन सक्नेः** १. ऐन र यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै व्यक्ति, संस्था, उपभोक्ता समितिले बोर्ड अन्तर्गत रही सञ्चालन तथा व्यवस्थापन गरिरहेको सेवा प्रणाली कुनै कारणबस समस्या ग्रस्त भई सेवाको गुणस्तरमा ह्रास आएमा वा सेवा नै अवरुद्ध

हुने भएमा वा व्यापक आर्थिक हिनामिना भएमा बोर्डले सम्बन्धित व्यक्ति, संस्था, उपभोक्ता समिति वा अन्य निकायको त्यस्तो सेवा प्रणालीको व्यवस्थापन बोर्ड स्वयमले जिम्मा लिई सञ्चालन र व्यवस्थापन गर्न सक्नेछ ।

२. उपदफा १ बमोजिम समस्याग्रस्त सेवा प्रणाली प्राप्त गर्नु अघि सम्बन्धित व्यक्ति, संस्था, उपभोक्ता समिति वा अन्य निकायलाई उचित सुनुवाईको मौका प्रदान गरिनेछ ।

३. उपदफा १ बमोजिम जिम्मा लिई सञ्चालन र व्यवस्थापन गर्न लिएको सेवा प्रणालीमा सुधार आएपछि जुन संस्था, समिति वा व्यक्तिबाट सञ्चालन र व्यवस्थापन गर्न जिम्मा लिईएको हो सोही समिति/संस्था व्यक्तिलाई व्यवस्थापकीय शर्त सहित फिर्ता गर्न सकिनेछ ।

**३३. समिति/संस्थाको कार्य समितिको विघटनः**१. दर्ता गर्ने अधिकारी वा निकायले देहायको अवस्थामा समितिको बिघटन गर्न सक्नेछ ।

क.समिति वा समितिका पदाधिकारीको बदनियतपुर्ण कार्यबाट संस्थाको कारोबार जोखिममा परेको कुरा प्रमाणित भएमा वा पर्न सक्ने आशंका भएमा ।

ख. समिति/संस्था वा पदाधिकारीले विनियममा उल्लेखित उद्देश्य र कार्यको विपरीत काम गरेमा ।

ग. यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावलीमा उल्लेखित शर्त वा दर्ता गर्ने अधिकारी वा निकायले दिएको निर्देशनको बारम्बार उलङ्घन गरेमा ।

तर उपदफा १ बमोजिम समिति/संस्थाका अध्यक्ष वा पदाधिकारीहरुलाई हटाउनु अघि निजलाई सफाईको मौका दिनु पर्नेछ ।

२. उपदफा १ बमोजिम समिति/संस्था बिघटन भएमा बोर्डले संस्थाका साधारण सदस्यहरु मध्येबाट ५ सदस्यीय तदर्थ समिति गठन गरी समिति/संस्थाको विनियममा व्यवस्था भए बमोजिम साधारणसभा वा विशेष साधारणसभा बोलाउन लगाई समितिको निर्वाचन सम्पन्न गराउन सक्नेछ ।

३. माथि जुन सुकै कुरा लेखिएको भएता पनि ऐन र यस कार्यविधि अन्तर्गत दर्ता भई सञ्चालनमा रहेका समिति/संस्थाको साधारणसभाले संस्था विघटनको लागि सिफारिस गरेमा दर्ता गर्ने अधिकारी वा निकायले समिति/संस्था विघटन गर्न सक्नेछ ।

**३४. दर्ता खारेजीः** १.ऐन वा यस कार्यविधि अन्तर्गत दर्ता भएका खानेपानी तथा सरसफाई उपभेक्ता समिति तथा संस्था दफा ३३ बमोजिम विघटन भएमा दर्ता गर्ने अधिकारी वा नियकाले उक्त समिति वा संस्थाको दर्ता खारेजी गर्न सक्नेछ ।

२. उपदफा १ बमोजिम समिति/संस्थाको दर्ता खारेजी भएमा सो समिति/संस्थाको सम्पुर्ण दायित्वहरु बोर्डमा निहित रहनेछ ।

## परिच्छेद-८

## अभिलेख र सूचना

**३५. अभिलेख राख्नु पर्नेः** १. समिति/संस्थाले साधारणसभा तथा सञ्चालक समितिको बैठकका निर्णय तथा कामकारबाहीको अद्यावधिक अभिलेख सुरक्षित साथ राख्नुपर्नेछ ।

२. समिति/संस्थाले कारोबारसँग सम्बन्धित तथा अन्य आवश्यक अभिलेखहरु तोकिए बमोजिम सुरक्षित साथ राख्नुपर्नेछ ।

**३६. विवरण उपलब्ध गराउनु पर्नेः** १. समिति/संस्थाले देहायका विवरणहरु सहित प्रतिवेदन आ.व. समाप्त भएको तीन महिना भित्र दर्ता गर्ने अधिकारी समक्ष पेश गर्नुपर्नेछः

क. कारोबारको वार्षिक प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन,

ख. वार्षिक कार्यक्रम, नीति तथा योजना,

ग. सञ्चालक समितिका पदाधिकारीहरुको नाम तथा बाँकी कार्यविधिको सूची,

घ.साधारणसभाको बैठक सम्बन्धी जानकारी,

ङ. सदस्य संख्या,

च. दर्ता गर्ने अधिकारीले समय समयमा तोकिदिएको अन्य विवरण ।

## परिच्छेद-९

## कोष तथा लेखापरीक्षण

**३७. कोषको स्थापनाः**१. ऐनको दफा ८ बमोजिम बोर्डको एउटा छुट्टै कोष रहनेछ ।

२. उपदफा १ बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहनेछ।

क. नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त रकम ।

ख. गैर सरकारी एवम् राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाबाट ऋण, अनुदान वा सहयोग बापत प्राप्त रकम ।

ग. सेवा प्रदायकबाट अनुमतीपत्र दस्तुर तथा अन्य सेवा शुल्क एवं अनुदानबाट प्राप्त रकम ।

घ. खानेपानी तथा सरसफाई क्षेत्रमा नेपाल सरकार तथा प्रदेश सरकारका आयोजनाहरू सार्फत ऋण अनुदान तथा लगानीबाट प्राप्त रकम ।

ङ. नगरपालिकाले खानेपानी तथा सरसफाई सेवाका लागि विनियोजन गरेको रकम ।

च. अन्य कुनै श्रोतबाट प्राप्त रकम।

३. बोर्डको कोषमा रहने रकम बैंक वा बित्तिय संस्थामा खाता खोली जम्मा गरिनेछ र त्यस्तो सञ्चालन बोर्डले गरेको निर्णय बमोजिम हुनेछ ।

४. बोर्डको सम्पुर्ण खर्च उपदफा २ बमोजिम कोषबाट व्यहोरिनेछ ।

**३८. कोषको सञ्चालनः** नगरस्तरीय खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्डको कोषको खाता सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र नगरपालिकाको आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट गरिनेछ ।

**३९. कोषको उपयोगः** नगरस्तरीय खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्डको कोषमा जम्मा भएको रकम देहाय बमोजिमका शिर्षकहरुमा खर्च गर्न सकिनेछ ।

क. खानेपानीको गुणस्तर सम्बन्धमा क्षमता विकासका खर्च ।

ख. खानेपानी प्रणालीमा संलग्न कर्मचारी व्यवस्थापनका लागि लाग्ने खर्च ।

ग. खानेपानी तथा सरसफाई क्षेत्रमा योगदान गरेका व्यक्तत्वहरु तथा संस्था/समुहरुलाई सम्मान तथा पुरस्कारको खर्च ।

घ. खानेपानी सम्बन्धमा नेपाल सरकार,प्रदेश सरकार,छिमेकी स्थानिय तह,दातृ निकायसँगको सहकार्यमा गरिने कार्यहरुको खर्च ।

ङ. नगरपालिकाले खानेपानी प्रणाली सञ्चालन गर्दा नगरवासीलाई पर्न गएको हानिनोक्सानी वापत दिनुपर्ने क्षतिपुर्ती सम्बन्धी खर्च ।

च. नगरपालिकाले खानेपानी प्रणाली विस्तार गर्दा मुआव्जा बापत दिनुपर्ने खर्च ।

छ. साविकका खानेपानी प्रणालीलाई नगरपालिका मातहत ल्याउदा बोर्डले सिफारिस गरिएको दायित्व सृजना भएको खर्च ।

ज. खानेपानी विस्तार गर्दा सामुदायिक वनमा मुहान संरक्षण गर्दा लाग्ने खर्च ।

झ. बोर्डले उपयुक्त ठहर्याएका अन्य आवश्यक खर्च ।

**४०. कारोबारको लेखाः** बोर्ड र उपभोक्ता समिति/संस्थाको कारोबारको लेखा दोहोरो लेखा प्रणालीमा आधारित र कारोबारको यथार्थ स्थिति स्पष्टरुपमा देखिने गरी संघीय कानून बमोजिम रजिष्ट्रारले लागु गरेको लेखामान र यस कार्यविधि बमोजिम पालना गर्नुपर्ने अन्य शर्त तथा व्यवस्था बमोजिम राख्नु पर्नेछ ।

**४१. लेखापरीक्षणः**१. बोर्डकोआन्तरिक लेखापरीक्षण नगरपालिकाको आन्तरिक लेखापरीक्षण प्रणाली बमोजिम हुनेछ र अन्तिम लेखापरीक्षण महालेखा परिक्षकको लेखा परिक्षण प्रणली बमोजिम हुनेछ ।

२. संस्था/समितिले प्रत्येक आर्थिक वर्षको लेखा परीक्षण सो आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिना भित्र प्रचलित कानून बमोजिम ईजाजतपत्र प्राप्त लेखापरीक्षकद्वारा गराउनु पर्नेछ ।

३. उपदफा २ बमोजिमको अवधिभित्र कुनै संस्था/समितिले लेखापरीक्षण नगराएको पाईएमा दर्ता गर्ने अधिकारीले यस्तो संस्थाको लेखा परीक्षण ईजाजतप्राप्त लेखापरीक्षकबाट गराउन सक्नेछ ।

४. उपदफा ३ बमोजिम लेखापरीक्षण गराउँदा लेखापरिक्षकलाई दिनुपर्ने पारिश्रमिक लगायतको रकम सम्बन्धित संस्था/समितिले व्यहोर्नेछ ।

५. उपदफा २ वा ३ बमोजिम लेखापरीक्षकले गरेको लेखापरीक्षण प्रतिवेदन अनुमोदनको लागि साधारण सभा समक्ष पेश गर्नुपर्नेछ ।

६. उपदफा ५ बमोजिम पेश भएको लेखापरीक्षण प्रतिवेदन साधारण सभाबाट अनुमोदन हुन नसकेमा पुनः लेखापरीक्षणको लागि साधारण सभाले दफा १३ को अधिनमा रहि अर्को लेखापरीक्षक नियुक्त गर्नेछ ।

**४२. लेखापरीक्षकको नियुक्तिः**

१. संस्था/समितिको लेखापरीक्षण सम्बन्धी कार्य गर्न प्रचलित कानून बमोजिम ईजाजत पत्र प्राप्त लेखपरीक्षकहरुमभध्येबाट साधारण सभाले एक जना लेखापरीक्षक नियुक्ति गरि पारिश्रमिक समेत तोक्नेछ ।

२. उपदफा १ बमोजिमको लेखापरीक्षकको नियुक्त गर्दा एउटै व्यक्ति,फर्म वा कम्पनीलाई लगातार तिन आर्थिक वर्षभन्दा बढी हुने गरी नियुक्त गर्न सकिने छैन ।

**४३. लेखापरीक्षकमा नियुक्त हुन नसक्नेः** १. देहायको व्यक्ति लेखापरीक्षकमा नियुक्त हुन तथा नियुक्त भईसकेको भए सो पदमा वहाल रहन सक्ने छैनः

क. संस्था/समितिको पदाधिकारी,

ख. संस्था/समितिको सदस्य,

ग. संस्था/समितिको नियमित पारिश्रमिक पाउने गरि नियुक्त सल्लाहकार वा कर्मचारी,

घ.लेखापरीक्षण सम्बन्धी कसूरमा सजाय पाएको ३ वर्षको अवधि भुक्तान नभएको व्यक्ति,

ङ. दामासाहीमा परेको,

च. भ्रष्टाचार,ठगी वा नैतिक पतन हुने अन्य फौजदारी कसूरमा सजाय पाएको,

छ. सम्बन्धित संस्था/समितिसँग स्वार्थ बाझिएको व्यक्ति ।

२. लेखापरीक्षकले आफु नियुक्त हुनु अघि उपदफा १ बमोजिम अयोग्य नभएको कुराको संस्था समक्ष स्वघोषणा गर्नुपर्नेछ ।

३. कुनै लेखापरीक्षक आफ्नो कार्यकाल समाप्त नहुँदै कुनै संस्थाको लेखापरीक्षण गर्न अयोग्य भएमा वा संस्था/समितिको लेखापरीक्षकको पदमा कायम रहन नसक्ने स्थिती उत्पन्न भएमा निजले लेखापरीक्षण गर्नुपर्ने वा गरिरहेको काम तत्काल रोकी सो कुराको जानकारी लिखित रुपमा संस्थालाई दिनु पर्नेछ ।

४. यस दफाको प्रतिकूल हुनेगरी नियुक्त भएको लेखापरीक्षकले गरेको लेखापरीक्षण मान्य हुने छैन ।

## रिच्छेद-१०

## सरसफाई तथा फोहोरमैला सम्बन्धी व्यवस्था

**४४. सरसफाई तथा फोहोरामैला व्यवस्थापनः** १. ऐन तथा यस कार्यविधि बमोजिम गठित बोर्डले ढल निकाय व्यवस्थापन र घरेलु तथा सामुदायिक सरसफाईमा नीति तथा मापदण्ड तयार गर्न सक्नेछ ।

२. उपदफा १. बमोजिम तयार गरिएको नीति तथा मापदण्ड बमोजिम ऐन तथा यस कार्यविधि वमोजिम दर्ता भएका विभिन्न उपभोक्ता समितिहरुले स्थानीय स्तरमा सरसफाई सम्बन्धी विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछ ।

३. यस नगरपालिका क्षेत्रमा निष्कासित फोहोर मैला पुनः प्रयोग गरि कम्पोष्ट मल बनाउने कार्यलाई प्रोत्साहन तथा पुरस्कृत गरिनेछ ।

४. फोहोर मैला व्यवस्थापन तथा घरेलु फोहोर विसर्जन गर्ने स्थानको व्यवस्था गर्ने ।

## परिच्छेद-११

## दर्ता गर्ने अधिकारी

**४५. दर्ता गर्ने अधिकारीः** १. ऐन र यस कार्यविधि अन्तर्गत दर्ता गर्ने अधिकारीले गर्नुपर्ने कार्यहरु नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ ।

२. उपदफा १ बमोजिमको दर्ता गर्ने अधिकारीले यस कार्यविधि बमोजिम आफूमा रहेको कुनै वा सम्पूर्ण अधिकार आफूमाताहतको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछन् ।

## परिच्छेद-१२

## निरीक्षण तथा अनुगमन

**४६. निरीक्षण तथा अभिलेख जाँच गर्नेः**

१. दर्ता गर्ने अधिकारीले समिति/संस्थाको जुनसुकै वखत निरिक्षण तथा अभिलेख परिक्षण गर्न गराउन सक्नेछ।

**४७.छानविन गर्न सक्नेः** १. कुनै समिति/संस्थाको उद्देश्य विपरित कार्य गरेको भनि त्यस्तो समिति/संस्थाको कम्तिमा वीस प्रतिशत सदस्यले छानबिनको लागि निवेदन दिएमा दर्ता गर्ने अधिकारीले त्यस्तो समिति/संस्थाको छानबिन गर्न/गराउन सक्नेछ।

२. उपदफा १ बमोजिम छानविन गर्दा माग गरेको विवरण वा कागजात उपलब्ध गराई सहयोग गर्नु सम्बन्धित सञ्चालक समितिको कर्तव्य हुनेछ ।

३. उपदफा १ वा २ बमोजिम गरिएको छानविनको जानकारी सम्बन्धित समिति/संस्थालाई लिखित रुपमा दिनुपर्नेछ।

## परिच्छेद-१३

## कसुर तथा सजाय

**४८. कसुर तथा सजायः** १. कसैले ऐन तथा यस कार्यविधि अन्तर्गत बनेको नियम प्रतिकूल हुने गरी कुनै काम गरि देहायको कसूर गरेमा बोर्डले त्यस्तो व्यक्तिलाई देहाय बमोजिम सजाय गर्न सक्नेछ ।

क. खानेपानी तथा सरसफाई सेवासँग सम्बन्धित कुनै संरचना,जडान वा पूर्वाधार भत्काए वा बिगारेमा वा अन्य कुनै प्रकारले क्षति पुर्याएमा क्षति भएको हानिनोक्सानी भराई कसूरको मात्रा अनुसार पचास हजार रुपैंयासम्म जरिवाना हुनेछ ।

ख. खानेपानीलाई प्रदुषित गराई सार्वजनिक स्वास्थ्यमा प्रतिकूल असर पुर्याएको पाईएमा कसूरको मात्रा अनुसार पच्चिस हजार रुपैंयासम्म जरिवाना हुनेछ ।

ग. खानेपानी तथा सरसफाई सेवाको अनाधिकार प्रयोग वा दुरुपयोग गरेमा बीस हजार रुपैंयासम्म जरिवाना हुनेछ ।

घ. सेवामापन यन्त्र वा अन्य त्यस्तै उपकरण बिगारे वा सेवा प्रदान गर्ने कार्यमा बाधा अवरोध पुर्याएमा पन्ध्र हाजार रुपैंयासम्म जरिवाना हुनेछ ।

ङ. खानेपानी तथा सरसफाई सेवा प्रणालीमा जडित पाईपलाईन ढल तथा अन्य भौतिक संरचनाहरु चोरी गरेमा, बिगारेमा, भत्काएमा वा नास गरेमा सो कामबाट पुग्न गएको क्षतिको बिगो भराई बिगो बमोजिम जरिवाना हुनेछ ।

च. कसैको शौचालय,ढल र फोहोरमैला व्यवस्थित नभएको कारणले अन्य कसैलाई हानीनोक्सानी पर्न गएमा सोको क्षतिपूर्ती हानी पुर्याउनेलाई तिराई कसूरको मात्रा अनुसार जरिवाना समेत हुनेछ ।

२. सेवा प्रदायकद्वारा सेवा प्रदान भएको अवस्थामा उपदफा १ बमोजिमको कसूरका सम्बन्धमा न्याय गर्न वा क्षतिपूर्ति माग गर्नका लागि सेवा प्रदायकले बोर्डमा निवेदन दिन सक्नेछ ।

३. उपदफा २ बमोजिम सेवा प्रदायकले बोर्ड समक्ष दिएको निवेदन उपर छानबिन दर्ता कुनै व्यक्तिले कसूर गरेको ठहरेमा बोर्डले उपदफा १ बमोजिम उपयुक्त सजाय गर्न आदेश दिन सक्नेछ ।

४. यस दफा बमोजिम कसूरको क्षानबिन गरी सजाय गर्ने बोर्डले समिति वा उपसमिति गठन सक्नेछ । त्यस्तो समिति वा उपसमितिको प्रतिवेदनको आधारमा बोर्डले निर्णय गरी सजाय गर्न सक्नेछ ।

५. उपदफा ४ बमोजिम गरेको निर्णयमा चित्त नबुझेमा सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सकिनेछ।

## परिच्छेद-१४

## विविध

**४९. बोर्डले वार्षिक प्रतिवेदन सार्वजनिक गर्नुपर्नेः** १. बोर्डले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र देहायको कुरा समेत समावेश गरी वार्षिक प्रतिवेदन सार्वजनिक गर्नु पर्नेछ ।

क. बोर्डको आम्दानी र खर्चको विवरण,

ख. बोर्डले वर्षभरी सञ्चालन गरेको कामको विवरण र सोको लागी प्रशासकीय खर्च,

ग. आगामी वर्षको कार्ययोजना र त्यसको लागि आवश्यक पर्ने अनुमानित बजेट तथा सोको स्रोत

**५०. समिति गठन गर्न सक्नेः** १. बोर्डले आफूले गर्नुपर्ने काम कार्यवाहीहरु सुचारु रुपले सञ्चालन गर्नका लागि बोर्डले तोके बमोजिमको खानेपानी तथा सरसफाईसँग सम्बन्धित विषयगत विशेषज्ञ सेवा प्रदायक तथा उपभोक्ता समेत संलग्न रहने गरी आवश्यकता अनुसार समिति वा उपसमिति गठन गरी अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

२. उपदफा १ बमोजिम गठित उपसिमितको काम, कर्तव्य र अधिकार तथा उपसिमितको काम, कर्तव्य र अधिकार तथा उपसमितिका सदस्यहरुले पाउने सुविधा बोर्डले तोके बमोजिम हुनेछ ।

**५१. बधा अड्काउ फुकाउनेः** १. ऐन तथा यस कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै कठिनाई वा बाधा अड्काउ परेमा सो बाधा अड्काउ फुकाउने अधिकार नगरपालिकालाई हुनेछ । नगर कार्यपालिकाले बाधा अड्काउ सम्बन्धमा गरेको निर्णयको पालना गर्नु सबैको कर्तव्य हुनेछ ।

**५२. संशोधन गर्न सक्नेः** १. ऐन र यस कार्यविधिमा भएका प्रावधानहरु संशोधन थपघट तथा खारेज गर्ने अधिकार नगरपालिकालाई हुनेछ ।

२. ऐन र यस कार्यविधिमा भएका प्रावधानहरु नेपालको संविधान संघिय तथा प्रादेशिक कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

**५३. संक्रमणकालिन अवस्थाः** १.नगरपालिका क्षेत्र भित्र ऐन तथा यस कार्यविधि जारी हुनु अगावै सञ्चालनमा रहेका खानेपानी तथा सरसफाई उपभोक्ता समिति/संस्था,आयोजनाहरु ऐन र यस कार्यविधि बमोजिमको समयावधि भित्र अद्यावधिक तथा दर्ता हुनका लागि नआएमा बोर्डले त्यस्ता समिति/संस्थाहरु विघटन गर्न सक्नेछ ।विघटन गर्नु पुर्व समिति/संस्थालाई सफाईको मौका दिईनेछ ।

२. उपदफा १ बमोजिम विघटन भएको संस्थालाई बोर्डले संस्थाका साधारण सदस्यहरु मध्येबाट तदर्थ समिति गठन गरी ऐन र यस कार्यविधिको प्रावधान बमोजिम दर्ता अद्यावधिक गरी सञ्चालन गराउन सक्नेछ ।

**५४. निर्देशन दिनेः** १. बोर्डले नगरपालिका भित्रका समिति/संस्थाहरुलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित समिति/संस्थाको कर्तव्य हुनेछ।

**५५.मापदण्ड बनाउने अधिकारः** यस कार्यविधिको उद्देश्य कार्यन्वयन गर्न नगरपालिकाले आवश्यक मापदण्ड बनाउन सक्नेछ ।

**५६. खारेजी र बचाउः** १. ऐन र यस कार्यविधिमा उल्लेख गरिएका व्यवस्थाहरु संघीय तथा प्रदेश कानूनसँग बाझिन गएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

अनुसूची- १

दफा १२ को उपदफा १ सँग सम्बन्धित

खानेपानी तथा सरसफाई समिति/संस्थाको दर्ताको लागि पेश गर्नुपर्ने निवेदनको नमूना

मितिः.........................

श्रीमान अध्यक्ष ज्यू,

खानेपानी व्यवस्थापन बोर्ड ।

कागेश्वरी मनोहरा नगरपालिका, थली, डाँछी, काठमाडौं

**विषयः खानेपानी तथा सरसफाई समिति/संस्था दर्ता गरिपाउँ ।**

महोदय,

उपरोक्त विषयमा यस नगरपालिकाको वडा नं. ..................... मा सञ्चालनमा रहेको/ सञ्चालन गर्ने ........................................................ खानेपानी तथा सरसफाई उपभोक्ता समिति/संस्थाको विधान २ प्रति र कार्य समितिको पदाधिकारीको नामावली तथा नागरिकताको फोटोकपि तथा सोसँग सम्बन्धित कार्ययोजना प्रतिवेदन लगायतका कागजातहरु साथै राखी यो निवेदन पेश गरिएको छ । नियमानुसार समिति/संस्था दर्ता गरिपाउँ ।

**निवेदक**

समिति/संस्थाको नामः

अध्यक्षको कामः

हस्ताक्षरः

अनुसूची- २

दफा १३ को उपदफा १ सँग सम्बन्धित

खानेपानी तथा सरसफाई समिति/संस्थाको दर्ता प्रमाणपत्रको नमूना

दर्ता नं. मितिः..........................

## खानेपानी तथा सरसफाई समिति/संस्था दर्ता प्रमाणपत्र

प्रस्तुत विषयमा कागेश्वरी मनोहरा नगरपालिकाको वडा नं. ...................... मा रहेको खानेपानी तथा सरसफाई उपभोक्ता समिति/संस्था/आयोजनाको मिति........................... मा यस कार्यालयमा प्राप्त निवेदन बमोजिम कागेश्वरी मनोहरा नगरपालिकाको क्षेत्रभित्र खानेपानी तथा सरसफाई सेवा सञ्चालन गर्नका लागि कागेश्वरी मनोहरा नगरपालिकाको खानेपानी सेवा ऐन २०७९ को दफा ...... बमोजिम संस्था दर्ता गरी यो प्रमाणपत्र प्रदान गरिएको छ ।

प्रमाणपत्र प्रदान गर्नेको

हस्ताक्षरः

नाम थरः

पदः